# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं श्रावण १२ गते २०१५ साल

### नेपाल लोक सेवा आयोग (प.स.क) को सूचना नं. १९

अर्थ म. लगत मन्त्रालय अन्तर्गत बन्दीपुर मालको हाकिम नायब सुब्बा पदका लागि यस आयोगमा २०१४।६।२८।१ सम्ममा दरखास्त दिने उम्मेदवारहरु तथा अन्य इच्छुक उम्मेदवारहरूको प्रतियोगितात्मक लिखित परीक्षा आगामी भाद्र २ गतेदेखि हुनेछ भनी यस आयोगको सूचना नं ६ प्रकाशित भएकोमा अनिवार्य र इच्छाधीन, ऐन श्रेस्ताविषयमा तपसीलबमोजिम हुने भएकोले यो सूचना प्रकाशित गरिएको छ। अघि २०१४।६।२८।१ सम्ममा दरखास्त दिने उम्मेदवारहरूले यही श्रावण १६ गते १ सम्ममा, र अब दरखास्त दिन इच्छुक उम्मेदवारहरूले दरखास्तप्रार्थी यस आयोगको सूचना नं ६ मा प्रकाशित इच्छाधीन विषय ५ मध्ये आफूले जाँच दिन रोजेको कुनै तीन विषय खोली अलग दरखास्त लेखी पेश गर्नु पर्दछ।

अनिवार्य विषय:- ऐन श्रेस्ता

ऐनमा मालको सवाल, कागज जाँचको ऐन

मालरिकत ऐन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 409

श्रेस्तामा निजामती मध्यम परीक्षाको श्रेस्ता सरह।
इच्छाधीन विषयः- ऐन श्रेस्ता
ऐनमा बहो बुझाउने ऐन, मिनाहा पोजरा ऐन,
रकम तहसील ऐन, निजामती सेवा
ऐन नियमावली।

आज्ञाले-
खड्गमान मल्ल
सचिव-लोक सेवा आयोग
सिंहदरबार काठमाडौं नेपाल

## नेपाल लोक सेवा आयोग (प. स. क.) विज्ञापन नं ४२

डाइरेक्टर स्वास्थ्य सेवा अन्तर्गत वीर मेड अस्पतालल ई एकजना आर. एम. ओ. चाहिएको छ। योग्य उम्मेदवारहरूले लोक सेवा आयोग [प. स. क.] दरखास्त फाराम नं. १ [२०१७] मा आफ्नो भएको विवरण स्पष्ट खुलाई २०१५ साल भाद्र २९ गते रोज ... सम्ममा तलको ठेगानामा पुग्ने गरी फी दस्तूर नगद रू. ३। सहित दरखास्त गर्नु होला। दरखास्त फारामको नमूना प्रत्येक नेपाल हुलाक ढी गौंडा र गोस्वाराहरूमा पनि पाइन्छ। फी दस्तूर नभएको र म्याद नाघी दाखिल भएको दरखास्तउपर कुनै विचार हुनेछैन।

पदको विवरण यस प्रकार छ:—

१ पदः- आर. एम. ओ. ग्याजेटेड स्थायी तथा पेन्सन पाइने।
२ आवश्यक न्यूनतम योग्यताः—एम. बी. बी. एस.
३ मासिक तलब भत्ताः— तलब मोरू १८०। महंगी भत्ता मोरू २०।

आज्ञाले—
खड्गमान मल्ल.
सचिव- लोक सेवा आयोग.
सिंहदरबार काठमाडौं नेपाल

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# नेपाल लोक सेवा आयोग (प.स.क.) विज्ञापन नं. ५८।१४,४१।१५

शिक्षा मन्त्रालय अन्तरगत वीर पुस्तकालय भोटे फाँटलाई एक जना पण्डित चाहिएकोछ। यस पदमा यस भन्दा अगाडि विज्ञापन हुँदा योग्य उम्मेदवारको दरखास्त नपरेको हुँदा एकपटकफेरि मौका दिइएकोछ। योग्य उम्मेदवारहरूले लोक सेवा आयोग दरखास्त फाराम नं. १ [२०१०] मा आफ्नो विवरण स्पष्ट खुलाई फी दस्तूर मो.रु. १ सहित २०१५ साल भाद्र १ गते रोज १ सम्ममा तलको ठेगानामा पुग्ने गरी दरखास्त गर्नु होला। फी दस्तूर नभएको र म्याद नाघी दाखिल भएको दरखास्तउपर कुनै विचार हुनेछैन। दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक गढी गौंडा र गोस्वाराहरूमा पनि पाइन्छ।

पदको विवरण यस प्रकार छः—

१ पदः- पण्डित स्थायी तथा पेन्शन पाइने।

२ आवश्यक न्यूनतम योग्यताः- नेपालका सब प्रकारका लिपि लेख्न, बोल्न सक्ने, भोटे भाषा र लिपिमासमेत ज्ञान भएको संस्कृत पनि जानेको।

३ वांछनीय योग्यताः- भोटे भाषाको बौद्ध ग्रन्थहरूको वर्गीयकरण गर्न सक्ने

४ मासिक तलबको स्केल र भत्ताः-तलब मो.रु. ५०। देखि ८०। महँगी भत्ता मो.रु.१०।

आज्ञाले—
खड्गमान मल्ल
सचिव-लोकसेवा आयोग
सिंहदरबार, काठमाडौं नेपाल

403



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

४०४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।